आज मिति २०७५ जेठ १३ गते, आईतबारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३७औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| हस्ताक्षर | | | पदाधिकारी |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २७ | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

**निर्णय न १**

पूर्ण साक्षर घोषणा कार्यक्रमको लागि प्रत्येक वडा कार्यालय क्षेत्रभित्र रहेका व्यक्तिहरुको पूर्ण साक्षर भए नभएको सम्बन्धमा नगरपालिकाबाट तयार गरिएको ढाँचामा तथ्यांक भर्ने जिम्मा वडा अध्यक्षले लिने । वडाबाट प्राप्त तथ्यांकलाइ एकीकृत गरी एकिन तथ्थांक नगरपालिकाले तयार गर्ने ।

**निर्णय नं २**

फोहोरमैला व्यवस्थापन समितिद्वारा फोहोर व्यवस्थापन निती निर्माण गर्ने ।

**निर्णय नं ३**

हालसम्म सम्पन्न भैसकेका योजनाहरुको फरफारक गर्ने । नगरसभाबाट छुट्टीएका योजनाहरु सम्झौताको लागि यही जेठ महिनाको २० गतेसम्म नगरपालिकाको कार्यालयमा वडा कार्यालयबाट सिफारिश दर्ता भैसकेको हुनुपर्ने । सो म्याद भन्दा पछाडी प्राप्त हुन आएको सिफारिशमा योजना सम्झौता नगर्ने । असार १५ गतेसम्ममा योजना सम्पन्न गरी भुक्तानीको लागी नगरपालिकामा सिफारिश गरिसक्नुपर्ने । क्षमता अभिवृध्दि लगायतका कार्यक्रम बाहेक अन्य योजनाको भुक्तानीको लागी रकम अपुग भएको खण्डमा अर्को सालमा भुक्तानी दिने ।

**निर्णय नं ४**

नगरक्षेत्रभित्र विभिन्न संघ संस्थाबाट संचालन गरिने कार्यक्रमहरुको लागि सूचना प्रकाशित गरेर उनीहरुसँग कार्यक्रम माग गरी नगरसभाबाट पास भएका कार्यक्रमहरुलाइ मात्र नगरक्षेत्रभित्र संचालनमा स्वीकृति दिने ।

**निर्णय नं ५**

वडा नं ६ को साविक १ नं वडा कोटालटोल नाइटे खोल्चा छेउमा सडकको मापदण्डभित्र परे पनि अस्थायी प्रतिक्षालय निर्माण गर्न अनुमति दिने ।

**निर्णय नं ६**

वडा नं ५ मा डोल्लुमा सार्वजनिक जग्गामा ज्येष्ठ नागरिक विश्राम गृह निर्माण गर्न अनुमति दिने ।

**निर्णय नं ७**

वडा नं ४ को साहुकान्छाको घरदेखि सिताराम केसीको घरसम्म सिडी निर्माण योजना लागत अनुमानको मिति २०७४।११।३० मा स्वीकृत भैसकेकोमा वडा नं ४ बाट कारण देखाइ लागत अनुमान संशोधन गरिदिन अनुरोध भै आएकोमा सो संशोधन गरी मागबमोजिमको लागत अनुमान स्वीकृत गर्न लगाउने